**लालीगुराँस नगरपालिका**

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः१ संख्याः ०४ मितिः २०७५/०६/०८

**भाग -१**

**लालीगुराँस नगरपालिका, तेह्रथुम**

## लालीगुराँस नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

नगर सभाबाट पारित मितिः २०७५।०५।२८

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०७५।०६।०८

**<u>प्रस्तावना</u>**ः नेपालको संविधान बमोजिम स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार सुनिश्चित गर्न यस लालीगुराँस नगरपालिकाले देशको विकासको लागि सबै बालबालिका र यूवाहरुका लागि उच्च गुणस्तरीय र जीवन उपयोगी सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल आम जनताको सदाचार, शिष्टाचार नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना हुने तथा हाल सञ्चालन भैरहेका विद्यालयहरुको सुधार गर्दै गुणस्तरीय विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१, अनुसूची ८ मा भएका स्थानीय तहको अधिकारको सूची नं. ८ तथा “स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (ज) बमोजिम लालीगुराँस नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**: (१) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन लालीगुराँस नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमलाई सम्झनु पर्छ।

(घ) "नगरसभा" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर सभालाई सम्झनु पर्छ।

(ङ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(छ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान र सीप भएको विषयबस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्ने कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति पाएको विद्यालय सम्झनु पर्छ।

(झ) "संस्थागत विद्यालय" भन्नाले निजी तवरबाट स्थापना भई नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ञ) “विद्यालय कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ।

(ट) “बालबालिका” भन्नाले अठार बर्ष उमेर पूरा नगरेका व्यक्तिलाई सम्झनु पर्छ।

(ठ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको व्यहोरा सम्झनु पर्छ।

(ड) “अनुमति” भन्नाले नेपाल सरकार वा यस नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै निश्चित स्थान वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

(ढ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले प्रदान गरेको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

(ण) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ।

(त) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा रहित उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(थ) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार बर्षमुनिका बालबालिकाहरुलाई दिईने एक बर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(द) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेण्ट भिसा (डी.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(ध) “नगर शिक्षा समिति” भन्नाले यस ऐनको दफा ९ बमोजिमको नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

(न) "वडा शिक्षा समिति" भन्नाले यस ऐनको दफा २१ अनुसारको वडा शिक्षा समितिलाई सम्झनु पर्छ।

(प) "विद्यालय व्यवस्थापन समिति" भन्नाले यस ऐनको दफा १९ अनुसारको समितिलाई सम्झनु पर्छ।

(फ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ सो शब्दले दफा १९ को प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे, बजै, दाजु, दिदी र त्यस्ता अभिभावक नभएको विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

## परिच्छेद २

## अनुमति लिनु पर्ने

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने**ः (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगर प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको सर्त, बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाले अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त, बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाले स्वीकृति प्रदान गर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाको बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमाकम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाले पुनः अनुमति तथा स्वीकृति दिनेछ।

(६) उपदफा (२) (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिन पाइने छैन।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी (ट्रष्टि) संगठित संस्थाको रुपमा हुनु पर्ने।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टिमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने।

(ग) शैक्षिक गुठीको आय ब्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने।

(घ) शैक्षिक गुठीमा तत्काल कायम रहेका ट्रष्टिले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

(८) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा रहित उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन बाधा पर्ने छैन।

यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै समयमा बन्द गर्न सक्नेछ।

(११) विद्यालय सञ्चालन सम्वन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

४. **<u>परीक्षाको सञ्चालन</u>**ः विद्यालयमा विभिन्न तहको शिक्षा उत्तीर्ण तथा योग्यताका लागि परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **<u>माध्यमिक शिक्षाको प्रकार</u>**ः माध्यमिक शिक्षाका प्रकार देहाय बमोजिम हुने छन्ः

(क) साधारण माध्यमिक शिक्षा

(ख) भाषागत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

६. **<u>विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था</u>**ः नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

७. **<u>शिक्षाको माध्यम</u>**ः (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

(घ) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा माध्यम अङ्ग्रेजी भाषामा नै हुनु पर्नेछ।

८. **<u>विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक</u>**ः विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइ उपलब्धि हाँसिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले तोकिएको मापदण्ड भित्र रही स्थानीय

पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ। सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ।

## परिच्छेद ३

## शिक्षा सम्वन्धी संरचनागत व्यवस्था

९. **नगर शिक्षा समिति**: (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय, व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको एक नगर शिक्षा समिति रहने छः

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिका सदस्य मध्येबाट एकजना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(घ) नगरपालिका क्षेत्रभित्रको वरिष्ठतम श्रोत व्यक्ति -सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको नगर सभाका महिला सदस्यहरुमध्येबाट एकजना -सदस्य

(च) नगर शिक्षा समितिबाट मनोनित सम्वन्धित नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरुमध्येवाट एकजना र महिला शिक्षकहरु मध्येवाट एकजना गरी दुईजना -सदस्य

(छ) सम्वन्धित नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ज) स्थानीय समाजसेवी वा शिक्षाप्रेमी, दलित वा अल्पसंख्यकहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(झ) सामुदायिक विद्यालयका शिक्षकहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ञ) नगरपालिकाको शिक्षा अधिकृत -सदस्य सचिव

तर, नगरपालिकाको शिक्षा अधिकृत अनुपस्थित भएमा समितिले उपयुक्त सदस्यलाई सदस्य सचिव तोक्न सक्नेछ।

(२) शिक्षा समितिका पदेन सदस्यहरु बाहेक मनोनित सदस्यहरुको कार्यकाल तीन वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर, त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अगाडि मनासिब स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिका क्षेत्रभित्रको शिक्षा सम्बन्धी कार्ययोजना तयार गर्ने।

(ख) आफ्नो कार्यक्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने र गाभ्ने सम्बन्धी नगरपालिकालाई आवश्यक राय/सल्लाह प्रदान गर्ने।

(ग) नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक श्रोतको खोजी गर्ने।

(घ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने।

(ङ) विद्यालयहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने।

(च) नगरपालिका क्षेत्रभित्र तत्काल स्थापना भएका आफ्नो श्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्न सक्ने।

(छ) विद्यालय व्यवस्थापन समितिहरुलाई आवश्यक निर्देशन दिई जागरुक र सजग गराउने।

(ज) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र त्यसको परिचालन गर्ने, गराउने।

(झ) विद्यालयमा हुने अभिभावक र शिक्षकबीच कुनै विवाद भएमा सोको समाधान गर्ने।

(ञ) शिक्षाको गुणस्तर कायम राख्न आवश्यक सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने।

(ट) विद्यालयको सामाजिक परीक्षण गराउने।

(ठ) सामुदायिक विद्यालयहरुका शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि नियुक्ति, सरुवा, पदस्थापन, काज र दरबन्दी मिलान गर्ने।

(ड) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने, गराउने।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने।

(ण) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक, कर्मचारीहरुलाई कामको आधारमा आवश्यक पुरस्कार, नसिहत, दण्ड, सजायको व्यवस्था गरी कार्यान्वयन गर्ने, गराउने।

(त) विषय विशेषज्ञहरुको छनोट गरेर सोको सूची प्रकाशन गर्ने।

(थ) अन्य तोकिए बमोजिमका आवश्यक कार्यहरु गर्ने।

(५) **नगर शिक्षा अधिकृतः** (क) नगरपालिकामा कार्यरत नगर शिक्षा अधिकृत नगर शिक्षा समितिको सदस्य सचिवको भूमिकामा रहनेछ।

(ख) नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१०. **नगर शिक्षा अनुगमन समिति**: (१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिम नगर शिक्षा अनुगमन समिति गठन हुनेछ।

(क) नगर प्रमुख, -अध्यक्ष

(ख) नगर सभाका सदस्यहरुमध्येबाट नगर शिक्षा अध्यक्षले तोकेको एकजना, -सदस्य

(ग) नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक विद्यालयको शिक्षक एकजना, -सदस्य

(घ) नगर शिक्षा समितिले तोकेको लेखापालन सम्बन्धी ज्ञान भएका व्यक्तिमध्येबाट एकजना -सदस्य

(ङ) अनुगमन समितिले मनोनयन गरेको वरिष्ठ शिक्षक एकजना -सदस्य

(च) विद्यालय निरीक्षक/श्रोत व्यक्ति -सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

११. **घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेः** नगरपालिकाको तर्फबाट वातावरणीय तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्याहरुको पहिचान गरी तोकिए बमोजिमको घुम्ती विद्यालयहरु सञ्चालन गर्न सकिनेछ।

१२. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाको समुदायमा साक्षरता, सीप विकास निरन्तर सिकाई समेतको काम गर्न देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछः

(क) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको वडा अध्यक्षको रोहवरमा साधारणसभाबाट छानिएको व्यक्ति -अध्यक्ष

(ख) सामुदायिक सिकाइ केन्द्र रहेको वडा समितिको सिफारिसमा महिला वा दलित वडा सदस्यमध्ये एकजना -सदस्य

(ग) सामुदायिक सिकाइ केन्द्र रहेको वडाका विद्यालयका शिक्षकहरुमध्ये नगरपालिकाबाट मनोनित एकजना -सदस्य

(घ) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ/संस्थाका प्रतिनिधिहरुमध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ङ) सम्बन्धित स्रोत केन्द्रको स्रोत व्यक्ति -सदस्य

(च) नगर शिक्षा अधिकृत -सदस्य

(छ) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रका परिचालिका -सदस्य सचिव

१३. **<u>सामुदायिक सिकाई केन्द्र अनुगमन तथा मूल्याङ्कन समितिः</u>** (१) नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमको एक सामुदायिक सिकाई केन्द्र अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर उपप्रमुख -सदस्य

(ग) नगरपालिकाको शिक्षा अधिकृत -सदस्य

(घ) नगर शिक्षा समितिबाट मनोनित दलित महिला एकजना -सदस्य

(ङ) अनौपचारिक शिक्षा अभियान सञ्चालनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिमध्येबाट समितिले छनोट गरेको एकजना -सदस्य

(च) सम्बन्धित स्रोत व्यक्ति -सदस्य

(छ) नगरपालिकामा कार्यरत शिक्षा शाखाको अनौपचारिक शिक्षा हेर्ने अधिकारी -सदस्य सचिव

(२) सामुदायिक सिकाई केन्द्र अनुगमन तथा मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. **<u>स्थानीय अध्यापन अनुमति पत्र लिनु पर्ने</u>**ः सामुदायिक विद्यालयले आन्तरिक श्रोतबाट शिक्षक दरवन्दीमा करारमा नियुक्ति गर्न नगरपालिकाले व्यवस्था गरे बमोजिम स्थानीय अध्यापन अनुमति पत्र लिएका वा नेपाल सरकारबाट

अध्यापन अनुमति पत्र लिएका व्यक्ति मात्र उम्मेद्वार हुन योग्य हुनेछन्। तर, कुनै शैक्षिक कार्यक्रम वा अभियानका रुपमा वा कुनै मातृभाषामा पठनपाठन गर्ने प्रयोजनका लागि छनोट हुने उम्मेद्वारहरुलाई यो दफा लागू हुने छैन।

१५. **अनुदानको व्यवस्था**ः (१) यो ऐन प्रारम्भ हुँदाको वखत दिँदैं आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर, कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदैं आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न वाधा पुर्याएको मानिने छैन।

(२) सामुदायिक विद्यालयहरुले सम्पादन गर्नुपर्ने काम तथा शैक्षिक गुणस्तरलाई मापन गरी नगरपालिकाले थप अनुदान उपलब्ध गराउन सक्नेछ।

१६. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**ः नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

१७. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने**ः नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ।

१८. **प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था**ः प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **विद्यालय व्यवस्थापन समिति**ः (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) अभिभावकले आफूमध्येबाट छानी पठाएका एकजना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट नगर शिक्षा समितिले मनोनयन गरेको एकजना -सदस्य

(ग) विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक प्रतिनिधि -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) अनुसार छानिएका वा मनोनयन भएका सदस्यहरुमध्येबाट नगर शिक्षा समितिले एकजना अध्यक्ष तोक्नेछ।

(३) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उपदफा (१) को अतिरिक्त नगर शिक्षा समितिले मनोनयन गरेका नगरपालिका स्तरका उद्योग तथा वाणिज्य संघका एकजना प्रतिनिधि सदस्य रहने छन्।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा उपलब्ध भएसम्म एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ।

(६) सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(७) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि तीन वर्षको हुनेछ। तर, यो ऐन प्रारम्भ हुँदाका वखत अवधि पूरा नभएका व्यवस्थापन समितिले पूरा अवधि काम गर्न बाधा पर्ने छैन।

(८) व्यवस्थापन समितिको म्याद समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनु पर्नेछ। गठन हुन नसकेमा नगर शिक्षा समितिले अस्थायी समिति गठन गर्न वा तोक्न सक्नेछ।

(९) व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्थाः

(क) उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यहरुको चयन अभिभावकहरुको सर्वसम्मतवाट वा सर्वसम्मत हुन नसके निर्वाचन प्रक्रियाबाट गरिनेछ।

(१०) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा चन्दादाताहरुमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित वडाका जनप्रतिनिधिहरुमध्येबाट वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनयन गरेको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(११) मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा नगर शिक्षा समितिले निजलाई जुनसूकै बखत पदबाट हटाउन सक्नेछ। तर, त्यसरी पदबाट हटाउनु अगाडि वा समिति विघटन हुनु अगाडि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(१२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सोको सुरक्षा गर्ने।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अध्यावधिक गराई राख्ने।

(घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई गराउने।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक, वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने।

(च) विद्यालयको व्यवस्थापकीय पक्षलाई व्यवस्थित गर्ने, गराउने।

(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भएका, करारमा नियुक्ति भएका र सरुवा भएका शिक्षकहरुलाई हाजिरी गराउने तथा रमानाको व्यवस्था गर्ने।

(ज) नगर शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने।

(झ) लेखापरीक्षकको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने।

(ञ) तोकिए बमोजिमको क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने।

(ट) तोकिए बमोजिम दरबन्दीका शिक्षक तथा कर्मचारीहरुले पदीय आचरण अनुसारको कार्यसम्पादन नगरेमा विभागीय कारवाही गर्ने।

(ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्योहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने।

(१३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने।

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने।

(घ) विद्यालयमा नेपाल सरकारबाट तोकिए बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्यरुपमा लागू गर्ने।

(ङ) प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने।

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने।

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिलाउन पहल गर्ने।

(ज) पदीय आचरण अनुसार कार्य सम्पादन नगर्ने शिक्षक तथा कर्मचारी उपर कानूनी कारवाही गर्ने।

(झ) प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरुको पालना गर्ने, गराउने।

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१४) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२०. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने**: (१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति वा नगर शिक्षा समितिले निकाली सिफारिस गरेमा सोको कारण खुलाई नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुर्याई विघटन गर्न सक्नेछ। तर, त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न वा तोक्न सक्नेछ।

(३) यो ऐन तथा ऐन बमोजिमको नियमावली जारी भएपछि म्याद समाप्त भएका विद्यालयहरुले बढीमा एक महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ। उक्त व्यवस्थापन समिति गठनको निम्ति देहाय बमोजिमको “विद्यालय व्यवस्थापन समिति गठन सहयोग समिति” गठन हुनेछः

(क) नगर शिक्षा समितिको अध्यक्षले तोकेको व्यक्ति -संयोजक
(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक -सदस्य
(ग) सम्बन्धित क्षेत्रको श्रोत व्यक्ति -सदस्य
(घ) नगर शिक्षा समितिले तोकेको सम्बन्धित वडाको जनप्रतिनिधि -सदस्य
(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

२१. **वडा शिक्षा समिति**: (१) नगरपालिकाको वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछः

(क) सम्बन्धित वडा समितिको अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरुमध्येबाट समितिको बैठकले तोकेको एकजना -सदस्य

(ग) वडाभित्रको अगुवा विद्यालयको प्रधानाध्यापक -सदस्य

(घ) नगर कार्यपालिकाका सदस्यहरुमध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ङ) वडाभित्रका शिक्षाप्रमीहरुमध्येबाट नगर शिक्षा समितिले तोकेको एकजना महिला समेत दुईजना -सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

वडा शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४

## कोष सम्वन्धी व्यवस्था

२२. **नगर शिक्षा विकास कोष**: (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिकास्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय वमोजिमको रकम रहनेछः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम।

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम।

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम।

(घ) संस्थागत विद्यालयबाट प्राप्त शिक्षा सेवा शुल्क वापतको रकम।

(ङ) चन्दा, दान वकस आदिवाट प्राप्त रकम।

(च) शुल्क तथा अन्य श्रोतबाट प्राप्त रकम।

२३. **कोषको सञ्चालक समिति**: (१) कोषको सञ्चालक समिति गठन कार्यविधिमा तोकिए बमोजिम हुने छ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था कार्यबिधिमा तोकिए बमोजिम हुनेछ।

२४. **विद्यालय कोष**: (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमको श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त रकम।

(ख) नगरपालिका शिक्षा कोषबाट प्राप्त रकम।

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम।

(घ) चन्दा वा दान, दातब्यबाट प्राप्त रकम।

(ङ) अन्य कोषबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ५

## निर्देशन, वर्गीकरण

२५. **नगरपालिकाबाट निर्देशन दिन सक्ने**: (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

२६. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने**: वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाले हाल सञ्चालन भई रहेका तीस मिनेटको हिडाइ दूरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थपघट गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

२७. **विद्यालयको सम्पत्ति**: (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित

कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ, र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईने छैन।

(३) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै वैदेशिक व्यक्ति वा संघ संस्थासँग दान, दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको विना स्वीकृति बेचबिखन गर्न वा हस्तान्तरण गर्न पाईने छैन।

२८. **विद्यालयलाई छुट र सुविधा**ः (१) प्रचलित कानूनमा जुनसूकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

२९. **अनुमति वा स्वीकृति रद्द गर्न सक्ने**ः कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ, तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

३०. **विद्यालयको वर्गीकरण**ः विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

३१. **विद्यालयलाई सुरक्षित वा शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने**ः (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण

सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

३२. **छात्रामैत्री वातावरण व्यवस्थापन/सञ्चालन**ः नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा छात्रामैत्री वातावरण निर्माणका लागि देहाय बमोजिम नगरपालिका स्तरीय छात्रामैत्री वातावरण संयोजन समिति रहनेछः

(क) नगर उपप्रमुख -संयोजक

(ख) सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरुमध्येबाट विद्यालयले छनोट गरेको लैङ्गिक सम्पर्क विन्दु शिक्षकहरुमध्ये नगरपालिकाबाट मनोनित एकजना -सदस्य

(ग) संस्थागत माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनोट गरेको लैङ्गिक सम्पर्क विन्दु शिक्षहरु मध्ये नगरपालिकाबाट मनोनित एकजना -सदस्य

(घ) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका माध्यमिक तहका प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ङ) नगरपालिकास्थित महिला अधिकारको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुमध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(च) नगरपालिका क्षेत्रभित्र कार्यरत महिला स्वास्थ्यकर्मीहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(छ) नगरपालिकास्थित स्रोतकेन्द्रको स्रोतव्यक्ति मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(ज) नगरपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना -सदस्य

(झ) सम्बन्धित वडा समितिले सिफारिस गरेका दलित वा महिला सदस्यमध्ये नगरपालिकाले मनोनित गरेको एकजना एकजना -सदस्य

(ञ) नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

३३. **शिक्षक अभिभावक संघ**ः ऐनको दफा (१९) बमोजिम गठित व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई शिक्षक अभिभावक संघ गठन गर्नेछ।

३४. **विद्यालयको सामाजिक लेखापरीक्षण समिति**: सामुदायिक विद्यालयको काम कारवाही ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक सामाजिक लेखापरीक्षण समिति रहनेछः

(क) शिक्षक अभिभावक संघको अध्यक्ष -संयोजक

(ख) अध्ययनरत विद्यार्थीका अभिभावकहरुमध्येबाट एकजना महिला सहित शिक्षक अभिभावक संघले तोकेको दुईजना -सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य एकजना -सदस्य

(घ) सम्बन्धित वडा समितिले तोकेको लेखा बिशेषज्ञ एकजना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको बाल क्लबको अध्यक्ष -सदस्य

(च) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक -सदस्य सचिव

## परिच्छेद ६

## शुल्क सम्बन्धी व्यवस्था

३५. **शुल्क सम्बन्धी व्यवस्था**: (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक श्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयले अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(६) विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयबाट उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन बिपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

(१०) संस्थागत विद्यालयले शिक्षा सेवा शुल्क वापत देहाय वमोजिमको रकम वार्षिक रुपमा नगर शिक्षा विकास कोषमा वुझाउनु पर्नेछ।

(क) कक्षा एकदेखि तीनसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया चारहजार।

(ख) कक्षा एकदेखि पाँचसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया पाँचहजार।

(ग) कक्षा एकदेखि आठसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया आठहजार।

(घ) कक्षा एकदेखि दशसम्म स्वीकृत प्राप्त विद्यालयले रुपैया दशहजार।

## परिच्छेद ७

## शिक्षक महासंघ र पदीय आचरण

**३६. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ।

(२) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) बारम्बार मादक पदार्थ सेवन गरी विद्यालयमा आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी सदस्य रहेको पाईएमा वा खुलेआम कुनै राजनैतिक दलको पक्षमा वा विपक्षमा बहस विमर्श वा वकालत गरेको प्रमाणित भएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यावसायिक हकहितका नाममा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिबिधिमा कार्यालयको समयमा संलग्न भएमा,

(ज) भ्रष्टाचारजन्य अपराध गरेको प्रमाणित भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत शिक्षकलाई हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ।

**स्पष्टीकरण**: यस खण्डको प्रयोजनको लागि “कार्यकारिणी समिति” भन्नाले राजनैतिक दलको बिधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्छ।

३७. **स्थायी आवासीय अनुमति लिन नहुने**: सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ८

## योग्यता, अयोग्यता, नियुक्ति, सरुवा, दरवन्दी मिलान

३८. **रिक्त शिक्षक पदमा करारमा नियुक्ति गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः**

(क) यो ऐन जारी भएको एक महिनाभित्र नगरपालिका क्षेत्रका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुले रिक्त रहेका शिक्षक र कर्मचारीहरुको विवरण नगर शिक्षा समितिमा पठाउनु पर्ने छ।

(ख) खण्ड (क) बमोजिम विवरण प्राप्त भएपछि नगर शिक्षा समितिले रिक्त शिक्षक पद करारद्वारा पूर्ति गर्न स्थानीय स्तरको पत्र पत्रिकाको माध्यमबाट विज्ञापन गराउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिम विज्ञापन गर्दा शिक्षक पदपूर्तिका लागि कुन कुन परीक्षाको तरिकाबाट प्रतियोगिता हुने हो, सो समेत खुलाउनु पर्नेछ।

(घ) प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले नगर शिक्षा समितिबाट निर्धारित दरखास्त फारम भरी समितिले तोकेको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको अवधिभित्र तोकिएको स्थानमा दरखास्त फारम बुझाउनु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिम पर्न आएका दरखास्त फारमहरु छानविन गर्दा रित पुगेको देखिएमा सम्बन्धित उम्मेद्वारलाई परीक्षा प्रवेश पत्र उपलब्ध गराईनेछ, र स्वीकृत नामावलीको सूचना टाँस गरिनेछ।

(च) यस ऐन बमोजिम लिने परीक्षा नगर शिक्षा समितिले तोकेको मिति समय र केन्द्रमा सञ्चालन हुनेछ।

(छ) परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क देहाय बमोजिम हुनेछः

१. लिखित परीक्षा -पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५
२. प्रयोगात्मक परीक्षा -पूर्णाङ्क २५ उत्तीर्णाङ्क १०
३. अन्तर्वार्ता -पूर्णाङ्क २५ उत्तीर्णाङ्क १०

विषयको प्रकृति हेरी आवश्यक ठानेमा नगर शिक्षा समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ। प्रयोगात्मक परीक्षा नलिइएको अवस्थामा लिखित परीक्षा र अन्तर्वार्ताको अङ्कवाट मात्र मूल्याङ्कन गरिनेछ।

(ज) शैक्षिक योग्यता र तालिम व्यवस्थाः

१. आधारभूत विद्यालयका शिक्षकको लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण

गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा सो सरहको तालिम लिएको।

२. माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको।

३. कुनै व्यक्तिले शिक्षा शास्त्रतर्फ उल्लेखित योग्यता प्राप्त गरेको भए यस दफाको प्रयोजनका लागि तालिम लिएको मानिनेछ।

४. विज्ञान, गणित, अग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन वा वाली विज्ञान विषयमा आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका व्यक्तिले सम्बन्धित विषयको शिक्षक पदको लागि लिइने परीक्षामा शिक्षा विषयको तालिम नलिएको भए पनि उम्मेद्वार हुन सक्नेछ।

(झ) देहायका व्यक्तिहरु शिक्षक पदमा उम्मेद्वार हुनका लागि योग्य हुनेछन्ः

१. नेपाली नागरिक

२. अठार वर्ष उमेर पुरा भएका र चालीस वर्ष उमेर ननाघेका

३. मगज नबिग्रेका

४. नैतिक पतन देखिने फोजदारी अभियोगमा अदालतबाट कसुर नठहरिएका

५. भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएका

६. अध्यापन अनुमति पत्र लिएका

७. सम्बन्धित तह र विषयका लागि आवश्यक शैक्षिक योग्यता भएका र तालिम लिएका

(ञ) शिक्षक पदका लागि लिइने परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रिया नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ट) शिक्षक सेवालाई समावेशी बनाउन नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरुमा रिक्त शिक्षक पद करारमा नियुक्ति गर्दा पदपूर्ति गर्ने क्रममा पूर्ति हुने कुल पद संख्याको पैंतालीस प्रतिशत पद छुट्याई सो

प्रतिशतलाई शत् प्रतिशत मानी देहायका उम्मेद्वारहरु वीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

१. महिला -४०%
२. आदिवासी जनजाती -२०%
३. दलित -२०%
४. अपाङ्गता भएका व्यक्तिहरु -२०%

तर, माथि उल्लेख भए अनुसारको उम्मेद्वारहरुबाट दरखास्त पर्न नआएमा छुटयाइएका पदहरुमा खुला प्रतिस्पर्धाबाट करार शिक्षक छनोट गरिनेछ।

(ठ) सफल उम्मेद्वारको सूची प्रकाशन गरिनेः लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारहरुमध्येबाट देहायको अनुपातमा उत्तीर्ण उम्मेद्वारहरु थप गरी अन्तर्वार्ताको लागि उम्मेद्वारहरुको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ।

| **रिक्त पद संख्या** | **थप हुने पद संख्या** |
|---|---|
| १ देखी ५ | - २ |
| ६ देखी १० | - ३ |
| ११ देखी १५ | - ४ |
| १६ देखी २० | - ५ |
| २१ देखी २५ | - ६ |
| २६ देखी ३० | - ७ |

तर, अन्तिम क्रम संख्यामा एकजना भन्दा बढी उम्मेद्वारले बराबर अङ्क प्राप्त गरेमा त्यस्ता सबै उम्मेद्वारहरुको नाम प्रकाशन गरिनेछ तथा उत्तीर्ण हुने उम्मेद्वारहरु पदपूर्ति गरिने आवश्यक संख्यामा नभएमा उत्तीर्ण भएजति उम्मेद्वारहरुको नाम प्रकाशन गरिनेछ। लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशित गर्दा अन्तर्वार्ता हुने मिति, समय र स्थान समेत खुलाउनु पर्नेछ।

(ड) सफल उम्मेद्वारहरुको सूची प्रकाशन भएपछि शिक्षक छनोट समितिले उल्लेखित उम्मेद्वारहरुको अन्तर्वार्ता लिनको लागि सम्बन्धित क्षेत्रको विशेषज्ञ सहित रहेको एक अन्तर्वार्ता समिति गठन गर्नेछ।

(ढ) अन्तर्वार्ताको लागि छुट्याइएको २५ अङ्क देहाय बमोजिम दिइनेछः

१. अनुभव वापत प्रत्येक वर्षको १ अंङ्कका दरले वढीमा ७ अङ्क,

२. शैक्षिक योग्यता बापत सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३, द्वितीय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अङ्कको दरले बढीमा ३ अङ्क,

३. अन्तर्वार्ता बापत बढीमा १५ अङ्क।

तर, अन्तर्वार्ता वापतको अङ्क दिदा कुनै उम्मेद्वारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम अङ्क दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुको स्पष्ट कारण उल्लेख गर्नुपर्नेछ।

(ण) अन्तर्वार्ताको निमित्त छानिएका उम्मेद्वारले देहायको कारण देखाई अन्तर्वार्ता सम्पन्न भएको दश दिनभित्र अन्तर्वार्ताको लागि उपस्थित हुन नसकेको कारण र प्रमाण सहित निबेदन दिएमा र जाँचबुझ गर्दा मनासिब देखिएमा शिक्षक छनोट समितिले पन्ध्र दिनभित्र त्यस्तो छुट उम्मेद्वारको अन्तर्वार्ता लिन सक्नेछः

१. भवितव्य परेमा

२. सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा

३. किरिया बस्नु परेमा

४. सुत्केरी भएमा

५. अशक्त विरामी भएको कुरा अधिकारप्राप्त चिकित्सकबाट प्रमाणित भएमा

(त) योग्यताक्रम प्रकाशित गर्नेः शिक्षक छनोट समितिले लिखित परीक्षा र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेद्वारहरुले अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेद्वारहरुको योग्यताक्रम सहितको सूची प्रकाशित गर्नेछ। यसरी योग्यताक्रमको आधारमा सूची प्रकाशन गर्दा रिक्त पद संख्यासम्मको योग्यतामा परेका उम्मेद्वारहरुलाई नियुक्तिको सिफारिस गरी रिक्त पदको १० प्रतिशतले हुन आउने उम्मेद्वारको नाम बैकल्पिक सूचीमा समाबेश गरिनेछ।

(थ) नियुक्तिको लागि सिफारिस भएका उम्मेद्वारहरुलाई करार शिक्षक पदमा नियुक्त गरी कामकाज लगाउन नगर शिक्षा समितिले सम्बन्धित विद्यालयमा पठाउनेछ र, सोको ३० दिनभित्र विद्यालय व्यवस्थापन

समितिले निज उम्मेद्वारलाई करारमा नियुक्ति गरी कामकाज लगाउने छ। उक्त अवधि भित्र सिफारिस भएको उम्मेदवारले नियुक्ति नलिएमा, निजको मृत्यु भएमा, राजिनामा दिएमा तथा विद्यालयमा हाजिर नभएमा नगर शिक्षा समितिले बैकल्पिक उम्मेद्वारलाई शिक्षक नियुक्त गर्न लेखी पठाउने छ।

(द) कुनै उम्मेद्वारले झुटा विवरण दिएको प्रमाणित भएमा, परीक्षाको मर्यादा भङ्ग गरेमा शिक्षक छनोट समितिले त्यस्तो उम्मेद्वारको दरखास्त रद्ध गर्न सक्नेछ। साथै झुटा विवरण पेश गरेको प्रमाणित भएमा सिफारिस वा नियुक्त भैसकेको भए सिफारिस वा नियुक्ति बदर हुनेछ।

**३९. <u>शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः</u>** नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

४०. **<u>शिक्षकलाई अन्य काममा लगाउन नहुनेः</u>** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जागरण, निर्बाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

४१. **<u>अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः</u>** (१) दफा ३६ मा उल्लेखित भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाईएको वा बर्खास्त भएका शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि समेत पाउनेछ।

४२. **<u>शिक्षक तथा कर्मचारीको नियुक्ति र सरुवाः</u>** (१) नगरपालिकाभित्रका विद्यालयहरुमा रहेको रिक्त शिक्षक पदमा करार सेवा लिइ नगरपालिकाले पदपूर्ति गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एक शिक्षक छनोट समिति गठन गरिनेछः

(क) नगर शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको नगर कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य

(ग) नगरपालिकाले तोकेको सम्बन्धित तहको विषय बिशेषज्ञ दुईजना -सदस्य

(घ) नगर शिक्षा अधिकृत वा नगर शिक्षा समितिले तोकेको अधिकृत -सदस्य सचिव

(३) उपदफा (२) को (ग) को सन्दर्भमा विषय विशेषज्ञको योग्यता र छनोट देहाय वमोजिम हुनेछः

(क) आधारभूत तहको लागि कम्तीमा वी.एड वा सो सरह उतीर्ण गरी दश महिने तालिम प्राप्त शिक्षक।

(ख) माध्यमिक तहको लागि सम्वन्धित विषयमा एम.एड वा सो सरह उतीर्ण गरी दश महिने तालिम प्राप्त शिक्षक।

(ग) प्राविधिक विषयको शिक्षक छनोटका लागि सम्वन्धित विषय र तहका शिक्षकलाइ विषय विशेषज्ञको रुपमा सूचीकृत गरिनेछ।

(घ) विषय विशेषज्ञको छनोटका लागि नगर शिक्षा समितिले सात दिनको सूचना प्रकाशित गरी दरखास्त आह्वान गर्नेछ। यसरी दरखास्त आह्वान गर्दा परेका दरखास्तहरुमध्येबाट आवश्यक संख्यामा विषय विशेषज्ञको सूची तयार गरिनेछ। सूची तयार नपारे सम्म जिल्ला शिक्षा सान्वय इकाइ तेह्रथुममा रहेको विषय विशेषज्ञको सूची प्रयोग गर्न बाधा पुगेको मानिने छैन।

(ङ) नगरपालिकाबाट छनोट भएका विषय विशेषज्ञको मान्य अवधि छनोट भएका मितिले तीन वर्षको हुनेछ।

(४) नगर भित्रका विद्यालयमा कार्यरत शिक्षकहरुको सरुवा नगर शिक्षा समितिले गर्नेछ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(६) विद्यालय कर्मचारी छनोट गर्न देहायका सदस्य रहेको एक कर्मचारी छनोट समिति गठन गरिनेछ।

(क) नगर शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको नगर कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) नगर शिक्षा समितिका सदस्यहरुमध्ये नगरपालिकाले तोकेको एकजना -सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

४३. **शिक्षकको दरबन्दी मिलानः** तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगरपालिकाले तोकिएको प्रक्रिया पूरा गरी दरवन्दी सार्न सक्नेछ।

४४. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनोट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगरपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनोट समिति रहनेछ।

(३) समितिले छनोटको लागि आधार, सर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ।

(४) समितिले छात्रवृत्तिको लागि छनोटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ।

४५. **तलब भत्ता नपाउने तथा सेवा अवधि गणना नहुने अवस्था**ः दफा ४० मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन।

४६. **प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था**ः (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक, कर्मचारीको दरबन्दी रहनेछ। प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहने छ।

(ख) आधारभूत तहको कक्षा पाँच सम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा ५ वर्ष शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेका कम्तीमा तीनजना व्यक्ति मध्येबाट नगर कार्यपालिकाको निर्णय बमोजिम एकजनालाई दुई वर्षको लागि सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्ने छ।

(ग) खण्ड (ख) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले दुई वर्षको विद्यालय विकास प्रस्ताव पेश गरी शिक्षा अधिकृतसँग प्रत्येक शैक्षिक सत्रको सुरुमा कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ।

(घ) कार्यसम्पादन मूल्याङ्कनका आधारमा प्रधानाध्यापकको कार्यकाल थप गर्न सकिने छ।

(ङ) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछः

(१) निजको आचरण खराब रहेमा,

(२) ऐन तथा नियमावली विपरीतको कुनै काम गरेमा,

(३) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(४) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा।

(च) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई खण्ड (ङ) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनुपर्ने देखिएमा पदबाट हटाउन नगर कार्यपालिका समक्ष राय सहित पेश गर्नु पर्नेछ।

(छ) खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(ज) बहालवाला शिक्षक मध्येबाट छनोट भएको प्रधानाध्यापकलाई खण्ड (ङ) को उपखण्ड (१) वा (२) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस नियमावली बमोजिम विभागीय कारवाही समेत गरिनेछ।

(झ) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ। शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछः

(१) सम्बन्धित तह र श्रेणीको शुरु नियुक्ति मितिको आधारमा,

(२) उपखण्ड (१) को आधारमा वरिष्ठता नछुट्टिएमा सोभन्दा तल्लो तह वा श्रेणीको नियुक्तिको आधारमा,

(३) उपखण्ड (१) र (२) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीमा नियुक्ति भइ हाजिर भएको मितिको आधारमा,

(४) उपखण्ड (१), (२) र (३) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा उपखण्ड (१) को सिफारिसको योग्यताक्रमको आधारमा, तर खुला, कार्यक्षमता, आन्तरिक बढुवा एउटै मितिमा भए क्रमश कार्यक्षमता, प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ।

(ञ) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस ऐन बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रकृया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ।

(ट) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक अर्को

प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ।

(२) **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने।

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावक वीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने।

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम राख्न आवश्यक काम गर्ने।

(घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने।

(ङ) विद्यालयमा सरसफाइ, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने।

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन गराउने।

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने।

(ज) विद्यार्थीलाई स्थानान्तरण वा अन्य प्रमाणपत्र दिने।

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने।

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने।

(ट) विद्यालयले आफ्नै श्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पुरा नगरेकोमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कार्यवाही गर्ने।

(ठ) शिक्षक कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख नगर शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने।

(ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन नगर शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने।

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा नगर शिक्षा शाखामा सिफारिस गर्ने।

(ण) नगर कार्यपालिकाबाट नियुक्ति एवं पदस्थापन भई आएका शिक्षक तथा कर्मचारीलाई नियुक्ति दिई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने।

(त) महिनामा कम्तीमा एकपटक शिक्षक तथा कर्मचारीको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने।

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको श्रोतबाट तलब भत्ता खानेगरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ति गरी करारमा नियुक्ति गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने।

(द) विद्यालय भवन तथा छात्राबासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने।

(ध) विद्यालयको प्रभावकारी सञ्चालनका लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्न, गराउन नगर शिक्षा समितिमा पेश गर्ने।

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध बार्षिक, तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने।

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई नगर शिक्षा शाखामा पठाउने।

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने।

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने र लेखापरीक्षण गराउने।

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने।

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशतभन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई बर्षसम्म तलब रोक्का गर्ने।

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने।

(र) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्न नगर शिक्षा शाखामा पठाउने।

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने।

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालना गर्ने, गराउने।

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वारा प्रमाणित गराई नगर शिक्षा शाखामा पठाउने।

(ष) विद्यालयले आफ्नो श्रोतबाट खर्च व्योहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन फारम भरी व्यवस्थापन समितिमा पेश गर्ने।

(स) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको सञ्चय कोष, नागरिक लगानी कोष, विमा, सामाजिक सुरक्षा कोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने।

(ह) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने।

(क्ष) प्रधानाध्यापक नगरपालिका, अभिभावक एवं विद्यार्थी प्रति जिम्मेवार हुनेछ।

यसका लागिः

(१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने।

(२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग

कार्यसम्पादनकरार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने।

(३) विद्यालयको भौतिक क्षेत्रभित्रका टुहुरा, अलपत्र परेका र बेसहारा, विशेष अवस्था भएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छाडेका वालवालिकालाई कार्यपालिका मार्फत छात्रबृत्ति वा विशेष व्यवस्था गरी निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ।

(३) **सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** प्रधानाध्यापकलाई सहयोग पुर्याउन विद्यालयमा कार्यरत शिक्षक मध्येबाट नगर शिक्षा समितिले तोकेको व्यक्ति सहायक प्रधानाध्यापक हुनेछ।

(४) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा शिक्षक, कर्मचारी नियुक्ति, सेवाको सर्त र सुबिधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

## परिच्छेद ९

## विविध

४७. शिक्षक तथा कर्मचारीले पाउने विदा तथा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

४८. अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी प्रक्रिया छनोट समितिले दफा ३८ अनुसार निर्धारण गरे बमोजिम हुनेछ।

४९. आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **विद्यार्थीलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन।

(२) विद्यालयमा अध्ययनरत कुनै पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन।

५१. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. **नगरपालिका क्षेत्रभित्रका प्रत्येक विद्यालयले बालमैत्री आचारसंहिताको पालना गर्नुपर्ने**: नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र शुरु भएको पन्ध्र दिनभित्र बालमैत्री आचार संहिता निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई नगर शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ। सो आचार संहितामा आवश्यकता अनुसार नगर शिक्षा समितिले थपघट गरी निर्णय गरी सम्बन्धित विद्यालयलाई पालना गर्न निर्देशन जारी गर्नेछ।

५३. **प्रगति विवरण बुझाउनु पर्ने**: विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको ढाँचामा विवरण सहित प्रगति प्रतिवेदन शैक्षिक सत्र पूरा भएको एक महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

५४. **दण्ड सजाय**: (१) कसैले विद्यालयको चल अचल सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगर प्रमुखले हिनामिना गरेको बिगो असुल उपर गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ।

(क) प्रश्न पत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारी पूर्वक कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित काम गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा अन्य कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अन्य कुनै कानून विपरीतको कार्य गरे गराएमा।

(३) देहायका अवस्थामा निजी श्रोतका शिक्षक बाहेक अन्य दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी नगरपालिकाले नगरपालिकाको क्षेत्र भरी सरुवा गर्न सक्नेछ।

(क) विद्यार्थीहरुबाट कुनै शिक्षक उपर ब्यापक गुनासो आएमा,

(ख) स्थानीय शिक्षक भएकै कारण कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर विद्यालय व्यवस्थापन समितिले गरेमा,

(ग) स्थानीय शिक्षक भएकै कारण बानी व्यवहार, आचरण, कुलत तथा नैतिक पतन देखिने क्रियाकलाप सम्बन्धी विवाद सिर्जना भएमा,

(४) कुनै शिक्षक, कर्मचारी बिना सूचना विद्यालयमा अनुपस्थित भएमा वा बिदा स्वीकृत नगराई बिदा बसेमा उक्त अबधिको तलब कट्टा गरी राजस्वमा दाखिला गरिनेछ, सो अवधिलाई सेवा अवधिमा गणना गरिने छैन।

५५. **पुनरावेदन**ः नगर प्रमुखले गरेको सजायको आदेश उपर कानून बमोजिम जिल्ला अदालतमा पैंतीस दिनभित्र पुनरावेदन लाग्नेछ।

**५६. नियम बनाउने अधिकार**ः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**५७. संक्रमणकालिन व्यवस्था**ः (१) यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली, निर्देशिका तथा कार्यविधि नआउँदासम्म नगर कार्यपालिकाको निर्णयले गर्न सक्नेछ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापन गर्ने अनुमति नगरपालिकाले नगर शिक्षा समितिलाई दिन सक्नेछ।

(३) यो ऐन जारी हुनुभन्दा अघि नगर शिक्षा समितिको नाममा भए गरेका काम कारवाही यसै ऐन वमोजिम भएको मानिनेछ।

**५८. बाधा अड्काउ फुकाउने अधिकार**ः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश ऐनमा परे सरह मानिने छ।

**५९.** **<u>बचाउ र लागु नहुने</u>**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा प्रचलित भ्रष्टचार निवारण ऐन अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ।

(४) यसअघि कानून बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय, र कारवाही गर्न बाधा पर्ने छैन।

(५) संविधानको धारा २२६ को उपधारा २ बमोजिम प्रदेश कानुनसँग बाझिएमा, बाझिएको हदसम्म सोही प्रदेश कानुन बमोजिम हुनेछ।

**आज्ञाले**
**बलराम निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**